गुलरिया नगरपालिकाको बस्तुगत विवरण (Municipality Profile)
तयार गर्ने कार्यको

# कार्य विवरण

(Terms of References TOR )

गुलरिया नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

गुलरिया, बर्दिया

५ न. प्रदेश ,नेपाल

# १.

# पृष्ठभुमि

योजनाबद्‌ध तथा दिगो बिकासका लागि सूचकमा आधारित विकास योजनाहरु तर्जुमा हुनुपर्ने मान्यता बलियो हुँदै गएको छ|वास्तवमा तथ्यपरक सूचना तथा तथ्यांकले बिकासको उपलब्धिको मापन गर्ने तथा विकास योजनाहरु कुन हदसम्म सम्बन्धित क्षेत्रमा निद्रिस्ष्ट गर्नुपर्ने हो सो को आंकलन गर्न मद्‌त पुग्दछ|तथ्यमा आधारित योजना तथा कार्यक्रमहरुले क्षेत्रिय,जातीय,बर्गीय,तथा लैङ्गिक सन्तुलन कायम गर्न तथा समाबेसी विकास पद्‌दतिलाइ संस्थागत गर्न समेत मद्‌त गर्दछ|नया गठित स्थानीय तहहरुले जनताको सबैभन्दा नजिकमा रही स्थानीय विकास तथा सार्बजनिक सेवा प्रबाह गर्ने अवसर पाएका छन| उक्त अवसरको सदुपयोग गर्न तथ्यमा आधारित योजना निर्माण गर्नुपर्दछ जसको लागि तल्लो तह सम्मको तथ्यांक आवस्यक पर्दछ|नयाँ परिबर्तित स्थानीय तह अनुसार तथ्यांकहरुलाइ अद्‌यावधिक गरि प्रस्तुत गर्ने दायित्व हरेक स्थानीय तहको हुन्छ|प्रोफाइल तयार कार्यले सरकारी,सार्बजनिक,तथा निजि क्षेत्रहरुबाट नगरमा भएका बिकासका प्रयासहरुलाई मापन गर्न र भावी कार्यक्रमका लागि लक्षित्‌ क्षेत्र निर्धारण गर्न समेत मद्‌त पुर्याउनेछ|साथै यस्ता तथ्यांक तथा जानकारीहरुले स्थानीय योजनाकार,विकास कार्यकर्ताहरु,अनुसन्धानकर्ताहरु तथा आम नागरिकहरुलाई महत्वपूर्ण योगदान गर्दछ|

स्थानीय तहको बारेमा बृहत सुचना संकलन गरि बिकासका विभिन्न पुर्बाधारहरुको वास्तविक स्थिति,एतिहासिक,सामाजिक,पुरातात्विक पृष्टभूमि,भौगोलिक अवस्थिति,स्थानीय चाडपर्ब,जात्रा, पारिवारिक स्थिति विवरण,जनसंख्या,बित्तिय आधारभूत विवरण,पर्यटकीय स्थलहरुको विवरण,भु-उपभोग तथा स्वामित्व,आर्थिक क्रियाकलाप,रोजगारि,कृषि,भौतिक पूर्वाधार,शिक्षा लगायतका बिषयको एकिकृत तथा खंदिकृत तथ्यांकका आधारमा बिकासका निम्ति प्राथमिकता पार्नुपर्ने क्षेत्रको पहिचान गरि नगरवासी तथा बह्र्य जनमानसमा सूचना गरि जनचाहनाको आवस्यकता पहिचान गर्ने हेतुले नगरको सम्पूर्ण सूचना समेटी यस गुलरिया नगरपालिकाको खण्डीकृत तथा एकिकृत बस्तुगत विवरण Municipality profile तयार पार्नका लागि विभिन्न संघ संस्था तथा परामर्शदाता बाट यो कार्य कार्यान्वयन गराउन यो कार्य क्षेत्र गत सर्त तयार पारिएको छ|

२ उद्देश्य:

यस नगरपालिका क्षेत्र भित्र पर्ने सम्पूर्ण पुर्बाधार,एतिहासिक पृष्ठभुमि,पारिवारिक अवस्था,बिकासका स्थानीयको पहुँच,बाटोघाटोको अवस्था तथा पर्यटकीय क्षेत्र,सामाजिक,राजनीतिक,आर्थिक तथा संस्कृतिक अवस्था समेतको पहिचान र स्तरोन्नतिका लागि गर्न सकिने उपायहरु समेटी सर्बेक्षणबाट संकलित तथ्यांकको आधारमा गुलरिया नगरपालिकाको बस्तुगत विवरण(Municipality profile) तयार गर्ने|

३.कार्यक्षेत्र:

नगरपालिका क्षेत्रभित्र १२ वटै वडाहरु भित्रको आर्थिक,सामाजिक,संस्कृतिक,राजनैतिक बिषयहरु साथै यस क्षेत्रभित्रका बासिन्दाहरु संग प्रत्यक्ष वा अप्रत्यक्ष सरोकार राख्ने बिषयलाई समेटी ससल्लाह तथा सुझाव अनुसार अध्ययन प्रतिबेदन तयार गर्ने|

४ अध्ययनको बिषयबस्तु:

गुलरिया नगरपालिकाको सामाजिक,आर्थिक,राजनैतिक,तथा सांस्कृतिक पक्ष् संग जोडिएका बिषयहरु यो अध्ययन भित्र पर्नेछन|यस भित्र पर्ने तलका बिषयबस्तुहरु मुख्यतः अध्ययनमा समेटिनु पर्नेछ|

- एतिहासिक पृष्ठभुमि र नगरपालिकाको परिचय
- स्थानीय चाडपर्व तथा जात्रा,मेला,धार्मिक स्थल र पर्यटकीय स्थलहरु
- वर्तमान भु-उपयोग सम्बन्धि अवस्था र सिंचित क्षेत्रफलको विवरण
- नगर क्षेत्रमा भएका वन क्षेत्र,सामुदायिक वन र कबुलियत वन
- छिमेकि गाउँपालिका/नगरपालिका/जिल्लासंगको आवागमनको अवस्था
- नगरपालिकाका अवसर,चुनौति र समस्याहरु
- बिकासका सम्भावनाहरु कृषि,जलबिधुत,पर्यटन,उधोग आदि
- जनसंख्या र जनसंख्यिकि उमेर,लिंग,फरक क्षमता,धर्म,जातीयता विविध विवरण वडागत रुपमा
- बिद्यालय,क्याम्पस,अनौपचारिक शैक्षिक संस्थाहरु विवरण
- बालविकास केन्द्रको विवरण

- भु-स्वामित्व सम्बन्धि विवरण
- पंजीकरणको विवरण
- स्वास्थ्य सेवा तथा पोषण
- नगरपालिकाको बार्षिक कार्यक्रमबाट लक्षित कार्यक्रमतर्फ भएको बिनियोजन तथा खर्चको अवस्था
- खानेपानी श्रोत,अवस्था र खानेपानी संचालन समितिको विवरण
- सडक संचालनको बिध्यमान अवस्था
- नगरपालिकाको शहरी बिधुतिकरण
- नगरपालिकामा दुर संचार सम्बन्धि विवरन
- फोहरमैला व्यवस्थापन सम्बन्धि
- नगर सेवा प्रवाह सम्बन्धि विवरण
- व्यापारिक केन्द्रहरुको विवरण
- खेल मैदान,पार्क,तथा वाल उद्यान सम्बन्धि
- रास्ट्रिय तथा अन्तरास्ट्रिय गैर सरकारी संस्था
- नगर क्षेत्र भित्र गठन भएका टोल विकास संस्था हरु
- घरेलु तथा विभिन्न औधोगिक व्यापार व्यवासय सम्बन्धि विवरण
- नगरपालिकाले संचालन गरेका प्रमुख कार्यक्रम तथा योजनाहरु
- नगरपालिकाको संगठनात्मक ढांचा तथा हाल कार्यरत कर्मचारीहरुको विवरण
- नगरपालिकाका क्षेत्रभित्रका सरकारी कार्यालयहरु
- नगरपालिकाको नक्सा तथा वडा कार्यालय रहेको स्थान को नक्सा
- नगरपालिका स्थित राजनीतिक दलहरु
- वन जंगल,घाँसे मैदान तथा अन्य भूमिको प्रयोगमा आएको परिबर्तन
- खेति योग्य जमिनको प्रयोगमा बिगत २० बर्ष देखि आएको परिबर्तन बारे विवरण
- होटेल,रिसोर्ट तथा पर्यटकीय गन्तव्यका स्थानहरु
- बाल क्लब,महिला समुह,युवा क्लब,बृधा आश्रम बारे विवरन
- गाउँ/नगर बस्तुगत विवरण तयारी कार्यविधि २०७४ मा व्यवस्था भएका बस्तुगत विवरण सामबेशी हुनुपर्ने सम्पूर्ण संस्थागत तथा पारिवारिक विवरण र बिषयबस्तु
- माथि उल्लेखित सबै विवरणहरु वडागत रुपमा समेत उपलब्ध गराउनु पर्ने

४.१ तुलनात्मक चित्रमा विवरण:

- गाउँ/नगर विवरण तयारी कार्यविधि २०७४ मा व्यवस्था भएका बस्तुगत विवरणमा समावेश हुनुपर्ने सम्पूर्ण बिषयबस्तुहरुको वडागत र नगरस्तरीय तथ्यांक चित्रमा समेटिएको हुनुपर्ने|

५ आवस्यक जनशक्ति:

सम्बन्धित कार्यमा आवस्यक ज्ञान,सिप तथा अनुभव हासिल गरेका विकास योजनाबिद,समजशास्त्री,तथ्यांकशास्त्री,अर्थशास्त्री संस्थागत विकास बिज्ञ संघ संस्था तथा कम्पनीहरुमा कार्य गरेको अनुभवी बिषयगत विशेषज्ञ बाट नगर प्रोफाइल तयार गर्नु पर्ने छ|साथै स्थानीय तह को प्रारम्भिक तथ्यांकमा आधारित भै कम्तिमा ३ वटा नगर्प्रोफाइल बनाएको अनुभव हुनुपर्ने छ|आवश्यक अन्य मध्यम स्तरको जनशक्ति पर्याप्ति भएको हुनुपर्ने छ|

६ कार्यविवरण:

गुलरिया नगरपालिकाको नगर प्रोफाइल तयार गर्न छनोट भएको परामर्शदाताले यसै प्रस्तावको वुदा नम्बर ४ र ४.१ मा उल्लेख भएको बिषयबस्तु वमोजिमको कार्यविवरण (TOR) को अधिनमा रही कार्यसम्पन्न गर्नुपर्ने छ|

६.१ बस्तुगत विवरण तयारीका चरणहरु:

- पहिलो चरण- बस्तुगत विवरणको ढांचा,सर्बेक्षण औजार तथा बिधि स्वीकृति
- दोश्रो चरण- बस्तुगत विवरण तयारी गोष्ठी तथा कार्य योजना स्वीकृति
- तेश्रो चरण- सर्बेक्षण वा तथ्यांक संकलन
- चौथो चरण-तथ्यांक विश्लेषण,प्रस्तुति तथा श्रोत नक्सा तयारी
- पाँचौ चरण - वस्तुगत विवरण मस्यौदा तयारी
- छैंठो चरण_ वस्तुगत विवरण प्रमणिकरण कार्यशाला
- सातौ चरण- वस्तुगत विवरण तयारी र प्रकाशन

६.२ प्रस्तावकले गर्नुपर्ने कार्यहरु:

- प्रारम्भिक तथ्यांक संकलनहरुको छनोट(तोकिएको योग्यता पुगेका स्थानीय व्यक्तिहरु)
- समावेश गर्नुपर्ने थप सूचकहरुका सम्बन्धमा वस्तुगत विवरण तयारी कार्यशाला गोष्ठी
- सफ्टवेयर निर्माणका लागि सरोकारवालाहरुको कार्यशाला गोष्ठी(pre-Software development workshop)
- सफ्टवेयर निर्माण(software development workshop)
- तथ्यांक संकलकलाइ तालिम(Training for data collector)
- तथ्यांक संकलन(Data collection) सम्बन्धि वडा समितिका प्रतिनिधिहरुको समन्वयमा रही तथ्यांक संकलन गर्नुपर्ने छ|
- तथ्यांक विश्लेषण(Data analysis)
- नक्सा तयारी(Map development)
- प्रतिबेदन तयारी(Report preparation)
- मस्यौदा प्रतिवेदन प्रस्तुति(report presentation)

७.कार्यबिधि:

छनोट भएको परामर्शदाताको कार्ययोजना(Action plan) स्वीकृत भए पछी सम्झौता गरिने छ र सम्झौता भएपछी तुरुन्त कार्य सुरु गर्नुपर्ने छ|सम्झौता भएको मितिले ९० दिन भित्रमा प्रारम्भिक प्रतिबेदन पेश गर्नुपर्नेछ|

८.परामर्शदाताले पेश गर्नुपर्ने प्रतिवेदन:

परामर्शदाताले माथि उल्लेखित विवरणको मस्यौदा तयार गरि पेश गर्नुपर्नेछ|पेश भएका मस्यौदा प्रतिबेदन सरोकारवालाहरुको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गराउनुपर्ने छ}अन्तरक्रिया प्रस्तुत सुझाव समेटी अन्तिम प्रतिबेदन पेस गर्नुपर्नेछ|प्रतिबेदन अपर्याप्त भएको पाइएमा सुधार गरि ल्याउन सुझाव दिइनेछ|चार प्रति अन्तिम प्रतिबेदन र सफ्ट कपि सिडी वा पेन ड्राइभमा बुझाउनु पर्नेछ|प्रतिबेदनको भाषा नेपालीमा हुने छ| GIS shape file समेत उपलब्ध गराउनु पर्नेछ|

९ अनुमानित रकम:

स्वीकृत कार्यक्रम अनुसार वस्तुगत बिबरण मस्यौदा तयार गर्नका लागि संस्था परामर्शदाताका लागि रु, ७,०००००/- (अक्षर रुपी रु सात लाख) को लागत अनुमान तयार भएको छ|यही रकमको सिमा भित्र रहेर परामर्शदाताको प्रस्ताव स्वीकृत गरि कार्य सम्पन्न गर्न सम्झौता गरिने छ|सम्झौता भएपछी सार्बजनिक खरिद एन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ को अधिनमा रही पेश्की रकम उपलब्ध गराउन सकिने छ|परामर्शदाताको पारिश्रमिकमा नियम अनुसार लाग्ने कर पारिश्रमिक भुक्तानी दिंदा कट्टी गरिने छ|

१०. प्राबिधिक प्रस्ताव छनोटको अंक भार बिभाजन:

- ✓ संस्थाको अनुभव तथा क्षमता:- (एक बर्ष अनुभब =४ अंक ) २० अंक
- ✓ जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव:- ४० अंक
- ✓ कार्य सम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्त प्रतिको प्रतिबद्धता २० अंक
- ✓ प्रविधि तथा भौतिक सामग्री तथा आर्थिक र व्यवस्थापकीय क्षमता २० अंक

१०.१ प्रस्ताव मुल्यांकन गर्ने तरिका:

प्राबिधिक प्रस्तावको अंकभार १०० कायम गरिएको छ|उतिर्णन्क ५० प्रतिशत हुनेछ|प्राबिधिक प्रस्तावमा उतिर्ण हुने प्रस्तावदाताको मात्र आर्थिक प्रस्ताव खोलिने छ|प्राबिधिक तथा आर्थिक प्रस्तावको मुल्यांकन सार्बजनिक खरिद एन २०६३ तथा सार्बजनिक खरिद नियमावली २०६४ बमोजिम हुने छ|

११. परामर्शदाताको छनोट प्रक्रिया:

सार्बजनिक खरिद एन २०६३,सार्बजनिक खरिद नियमावली २०६४ तथा गाउँ/नगर वस्तुगत विवरण तयारी कार्यविधि २०७४ बमोजिम परामर्शदाताको छनोट गरिने छ|